प्रति शेयर रु.१००/- अंकित दरको ७०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड

रजिष्टर्ड कार्यालय का.म.न.पा.०१ नागपोखरी, काठमाण्डौ
फोन नं. :०१-५९०२३३०, ईमेल:: riverfallshydropower@gmail.com
वेभसाईट: www.riverfallshydro.com.np

१ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्काशन खुल्ला हुने मिति: २०८२/०५/२३ गते देखि
निष्काशन बन्द हुने मिति: २०८२/०६/१२ गते (बैंकिङ्ग समयसम्म)

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

हाल कायम रहेको चुक्ता पूँजी रु.७०,००,००,०००/- (सत्तरी करोड) बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ७०,००,००० (सत्तरी लाख) कित्ता साधारण शेयरको साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ (एक) शेयर बराबर १ (एक) शेयरको हुने रकम रु.७०,००,००,०००/- (सत्तरी करोड) बराबरको प्रति शेयर १००/- अंकित दरको ७०,००,००० (सत्तरी लाख) कित्ता साविकका शेयरधनीहरुको लागि हकप्रद शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०८२/०४/०९ गते, कम्पनी रजिष्ट्रारको कार्यालयमा "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" दर्ता भएको मिति २०८२/०४/१३ गते ।

१. संगठित संस्थाको नाम : रिभर फल्स पावर लिमिटेड (River Falls Power Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.०१, नागपोखरी, काठमाडौं, नेपालमा रहेको छ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

३. कारोवार स्थानः
यस कम्पनीको मुख्य कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.१, नागपोखरी, काठमाडौंमा तथा आयोजना स्थल संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका वडा नं. ४ र ६ मा रहेको छ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्यहरुः

यस कम्पनीको संक्षिप्त परिचय :
१) रिभर फल्स पावर लिमिटेड, कम्पनी ऐन, २०६३ को दफा १३ को उपदफा (१) (क) बमोजिम मिति २०६१ साल आश्विन १९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७२ आश्विन १९ गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन २०६३ र विद्युत ऐन, २०४९ अर्न्तगत काम कारोबार गर्दै आइरहेको छ ।
२) नेपाल सरकार, विद्युत विकास विभागबाट मिति २०७७/११/०४ (वि.वि.वि. ७७०/७१ वि.उ. ११३ मा १०.३० मे.वा विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २१०५/११/०३ गते सम्म बहाल रहनेछ ।
३) यस कम्पनीको प्राथमिक सार्वजनिक शेयर निष्काशन मिति २०७९ बैशाख २८ गते देखि २०७९ जेठ ०४ गते सम्म भएको र बाँडफाड मिति २०७९ जेठ ०९ गते भएको हो । प्राथमिक सार्वजनिक शेयरको सुचिकरण मिति २०७९/०३/०१ गते भएको हो ।
४) यस कम्पनीले डाउन पिलुवा खोला साना जलविद्युत आयोजना (१०.३० मेगावाट) बाट मिति २०८०/०४/२५ गतेदेखि विद्युत उत्पादन गरी बिक्रि गरिरहेको छ ।
५) व्यापारिक उत्पादन भएको मितिबाट १०.३० मेगावाट आयोजनाबाट निम्न आ.व. हम्मा यस कम्पनीद्वारा उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाईनमा प्रबाह भईरहेको छ ।
६) यस आयोजनाको वित्तिय व्यवस्थापन श्री सिटिजन्स बैक ईन्टरनेशनल लिमिटेडको अगुवाईमा निर्माण गरि सम्पन्न गरिएको छ ।

आयोजनाको संक्षिप्त विवरण
विद्युत परियोजनाको नाम : डाउन पिलुवा खोला साना जलविद्युत आयोजना
विद्युत गृह स्थल : संखुवासभा जिल्ला, धर्मदेवी न.पा. वडा नं. ६ मुल सडक बाट ४ कि.मि.को दुरीमा अवस्थित रहेको छ ।
आयोजनाको सम्पूर्ण संरचना संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका वडा नं. ४ र ६ मा पर्दछन् ।
श्रोत नदी : डाउन पिलुवा खोलाको पानी ।
आयोजनाको किसिम : रन अफ रिभर ।
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७९/०८/२६ विद्युत उत्पादन अनुमति वहाल रहनेमिति : २१०५/११/०३
RCOD मिति : ९.५ कि.वा.को लागि मिति २०७९ साल माघ २७ गते र थप ८०० कि.वा.को लागि मिति २०८० साल पौष १५ गते

क्र.स.	बैंक तथा वित्तीय संस्थाहरुको नाम	Term Loan (रकम रु.)	Bridge Gap Loan (रकम रु.)	Demand Loan	OD Loan	Total Loan
१.	कुमारी बैक लि.	१,५८,२०,००,०००	१२,५६,७३,०००	८,६०,००,०००	५९,७६,३३४.९०	१,७९,९६,४९,३३४.९०
					जम्मा ऋण	१,७९,९६,४९,३३४.९०

७) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :
क) डाउन पिलुवा खोला साना जलविद्युत आयोजनाको १०.३० मे.वा. बाट वार्षिक ५,७८,४३,५४० किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ४,९२,३३,१९१ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ८६,१०,३४९ किलोवाट घण्टा निर्धारण गरिएको छ ।
ख) मिति २०७१/१०/१८ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता अनुसार विद्युतको खरिद मुल्य वर्षायामका (वैशाख देखि माघ) आठ महिनाको लागि प्रति किलोवाट रु.४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुन र चैत्र) का लागी प्रति किलोवाट रु.८.४० (आठ रुपैयाँ चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु भएको आर्थिक बर्षलाई आधार मानि खरिद दरमा बार्षिक ३% का दरले ८ (आठ) पटक सम्म साधारण मुल्यबृद्धि दिंदा हुन आउने खरिद दर दिइने छ ।
ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.२ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) का दरले कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
घ) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक वर्ष कम्पनीलाई प्राधिकरणले निम्न बमोजिम मूल्य वृद्धि दर तोकेको छ । डाउन पिलुवा खोला साना जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैंया असी पैसा) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (आठ रुपैंया चालिस पैसा) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

१. विद्युत खरिद मुल्यदर

९.५ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि

अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिना पहिलो महिना मानी अवधि गणना हुने गरि	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि सम्झौताको अवधि सम्म	९.६६	५.५२

थप हुन जाने ८०० कि.वा. क्षमता अनुसारको थप कन्ट्रयाक्ट इनर्जीको हकमा वर्षा याममा प्रति किलोवाट वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (अक्षरेपि रु.चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (अक्षरेपि रु.आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

०.८ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि

अवधि व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिना पहिलो महिना मानी अवधि गणना हुनेगरि	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि ७२ औं महिनासम्म	९.६६	५.५२
७३ औं महिना देखि ८४ औं महिनासम्म	९.९१	५.६६
८५ औं महिना देखि ९६ औं महिनासम्म	१०.१६	५.८१
९७ औं महिना देखि सम्झौता अवधिसम्म	१०.४२	५.९५

• त्यसै गरि उत्पादन भएको विद्युत शक्ति प्राधिकरणले लिन नसकेमा ९.५० मे.वा र ८०० कि.वा क्षमताको ५ प्रतिशत हर्जानाको व्यवस्था गरिएको छ ।
• माथि १२.१ (ख) मा जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरिद दर निम्न अनुसार वार्षिक मूल्य बृद्धि दिई कायम गरिने छ ।

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(च) मुल सम्झौताको दफा १२.२ को सट्टा निम्नानुसारको दफा १२.२ कायम गरिएको छ :
२) प्राधिकरणले Dispatch instruction जारी गरी खरिद गरी लिने अतिरिक्त उर्जा (Excess Engery) को हकमा दफा १२.१ (ख) अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
८) आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्रि दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।
डाउन पिलुवा खोला साना जलविद्युत आयोजनाको सम्झौता तथा वास्तविक उत्पादन परिमाण २०८० श्रावन २५ देखि २०८२ जेठ महिना समः

आ.व. २०८०/०८१	कन्ट्राक्ट इनर्जी contract Energy (KWH)	वास्तविक उर्जा वितरण परिणाम -किलोवाट-घण्टा	कन्ट्राक्ट इनर्जी (प्रतिशतमा)	दर (रु.)	आय विवरण (रु.)
श्रावण	७२,०७,२०३.००	११,०५,०९७.४०	१५.३३ ५	४.८०	५३,०४,४६७.५२
भाद्र	७२,०७,२०३.००	६३,७२,३२३.१०	८८.४२५	४.८०	३०,५८,७१५०.८८
आश्विन	७२,०७,२०३.००	६२,४०,३३६.३०	८६.५८५	४.८०	२,९९,५३,६१४.२४
कार्तिक	६९,७४,७१३.००	४०,५०,१५९.३०	५८.०७५	४.८०	१,९४,४०,७६४.६४
मंसिर	३२,००,७४०.००	२६,०८,५६०.९०	८१.५०५	४.८०	१,२५,२१,०९२.२५
पौष	२९,११,३७६.००	१७,५९,५१७.१०	६०.४४५	८.४०	१,४७,७९,९४३.६४
माघ	२१,३५,६४६.००	१२,८३,६८३.५०	६०.११५	८.४०	१,०७,८२,९४१.४०
फाल्गुन	१८,३१,९७१.००	९,८५,४३६.१०	५३.७९५	८.४०	८२,७७,६६३.२४
चैत्र	१७,३१,३५६.००	१३,२८,९५६.२०	७६.७६५	८.४०	१,११,६३,२३२.०८
बैशाख	३३,७८,११११.००	११,५२,५२८.३०	३४.१२५	४.८०	५५,३२,१३५.८४
जेष्ठ	६६,१८,३२५.००	१७,३९,०३४.००	२६.२८५	४.८०	८३,४७,३६३.२०
असार	**७४,१९,६९४.००**	**५०,२४,६४६.००**	६७.५४५	४.८०	२,४१,१८,३००.८०
आ.व. २०८१/०८२		३३६५०२७८.२०			
श्रावण	७२,०७,२०३.००	६९,५४,८८८.६०	९६.५०५	४.८०	३,३३,८३,४६५.२८
भाद्र	७२,०७,२०३.००	६१,७४,१३५.००	८५.६७५	४.९४	३,०५,००,२२६.९०
आश्विन	७२,०७,२०३.००	६९,७४,७१२.५८	९६.७७५	४.९४	३,४४,५५,०८०.१५
कार्तिक	६९,७४,७१३.००	५१,३५,४३६.९०	७३.६३५	४.९४	२,५३,६९,०५८.२९
मंसिर	३२,००,७४०.००	३०,८३,७५१.००	९६.३४५	४.९४	१,५२,३३,७२९.९४
पौष	२९,११,३७६.००	१९,३३,५३९.३०	६६.४१५	८.६५	१,६७,२५,११४.९५
माघ	२१,३५,६४६.००	१४,६७,४७७.००	६८.६१५	८.६५	१,२६,९३,६७६.०५
फाल्गुन	१८,३१,९७१.००	१०,५४,५८७.६०	५७.५७५	८.६५	९१,२२,१८२.७४
चैत्र	१७,३१,३५६.००	९,२८,४१२.१०	५३.६२५	८.६५	८०,३०,७६४.६७
बैशाख	३३,७८,११११.००	१४,१८,०२६.५०	४१.९८५	४.९४	७०,०५,०५०.९१
जेष्ठ	६६,१८,३२५.००	२५,१२,४७१.००	३७.९६५	४.९४	१,२४,११,६०९.२१
जम्मा	**४,३७,८५,५२२.००**	**३,७६,३७,४३८.१८**			**२०,४९,२९,९५९.०७**

नोट : यस कम्पनीले आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ को जेष्ठ मसान्त सममा ७,१२,८७,७१६.२८ KHw विद्युत उत्पादन भएको छ ।
यस कम्पनीमा कुल १७ जना कर्मचारी हाल कार्यरत रहेकोमा ४८ प्रतिशत कर्मचारी स्थानीयहरुलाई कम्पनीले रोजगारी प्रदान गरिरहेको छ । यस कम्पनीले सर्वसाधारण तथा स्थानिय (आयोजना प्रभावित) को लागि प्राथमिक शेयर निष्काशन गरि मिति २०७९/०२/०९ गतेका दिन बाँडफाड भएको हो । कम्पनीको मिति २०८२/०२/०८ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भईरहेको छ । यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सुचिकरण मिति २०७९ असार ३ गते रहेको छ । कम्पनीले IPO निष्काशन गरेको रकम निम्न तालिका अनुसार उपभोग गरेको छ ।

प्राप्त पुँजीको उपयोग	रकम रु.
१) आयोजना निर्माण गर्दा सिटिजन्स बैक लिमिटेडबाट लिएको ऋण भुक्तान गरेको	३४,३०,००,०००/-
कुल जम्मा निष्काशन भएको IPO रकम	**३४,३०,००,०००/-**

२) यस कम्पनीको मुख्य उद्देश्यहरु :
यस कम्पनीको प्रबन्धपत्रको दफा ४ (१) मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :
(क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र बिक्री वितरण गर्ने ।
(ख) नेपालका विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक र खुद्रा बिक्री वितरण गर्ने वा लिजमा लिने दिने ।
(ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धी आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रशारण वितरण लाइन,सव स्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि बाटो, पुल तथा सुरुङ मार्ग निर्माण लगायतको आवश्यक निर्माण संचालन एवम् मर्त संभार सम्बन्धी कार्य गर्ने ।
(घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धी पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।
(ङ) जलविद्युत तथा अन्य सौर्य वा बायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादन को आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धी परामर्श गर्ने गराउने ।
(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत वाहेक अन्य र बायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी विक्री वितरण गर्ने । सो सम्बन्धी स्वदेशी तथा विदेशी प्राविधिक तथा इन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।
(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।
(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :
क) यस कम्पनीले आफ्नो जारी पूँजी रु.१,४०,००,००,०००/- हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूँजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरिएको ।
ख) कम्पनीको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा १ शेयर वरावर १ शेयर (१:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।
ग) कम्पनीले संचालन गरिरहेको डाउन पिलुवा खोला साना जलविद्युत आयोजना (१०.३० मेगावाट) बाट विद्युत उत्पादन भइरहेको र आयोजना निर्माणका क्रममा डाउन पिलुवा खोलामा आएको विनाशकारी बाढी लगायतका काबु बाहिरको परिस्थितिको कारणले आयोजनाको लागत बृद्धि भई बैंकको ऋण थप भएकाले उक्त आयोजनाको लागि लिएको ऋण कम गर्ने ।

६. शेयर पुँजी संरचना :
अधिकृत पुँजी : कम्पनीको अधिकृत पूँजी रु. १,४०,००,००,०००/- (एक अर्ब चालीस करोड) हुने छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका १,४०,००,००० (एक करोड चालीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पुँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. १,४०,००,००,०००/- (एक अर्ब चालीस करोड) हुने छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका १,४०,००,००० (एक करोड चालीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पुँजी : कम्पनीको चुक्ता पूँजी रु. ७०,००,००,०००/-(सत्तरी करोड) हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.१,४०,००,००,०००/- (अक्षरुपी एक अर्ब चालीस करोड रुपैंया) हुनेछ । सो मध्ये रु. ३५,७०,००,०००/-(अक्षरुपी पैंतिस करोड सत्तरी लाख मात्र) संस्थापक तथा रु. ३४,३०,००,०००/- (अक्षरुपी चौतीस करोड तिस लाख मात्र) सर्वसाधारण समुहमा छुट्याइएको छ । हकप्रद शेयर निष्काशन पश्चात यी दुवै समुहको शेयर चुक्ता हुनेछ ।

७. हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूंजीको स्थिती :
हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. ७०,००,००,०००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,४०,००,००,०००/- कायम हुनेछ । मिति २०८२/०२/०८ गतेबाट संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भएको हुनाले हाल सर्वसाधारण शेयर समुह मात्र रहेको छ । हाल कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भई कारोबार भईरहेको छ ।

८. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

संचालकहरुको विवरण

सि.नं	नाम, ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व (किता) तथा प्रतिशत	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	**सुभाष अमात्य** विरगंज ११ पर्सा	अध्यक्ष	४६	नेपाली	४३०,६१९ (६.१४%)	स्नातकोत्तर (वाणिज्य शास्त्र)	१) अध्यक्ष- रिभर फल्स पावर लि. (हाल कार्यरत) २) प्रबन्ध संचालक-प्रभु हेलिकप्टर लि. (हाल कार्यरत)	
२	**मित्रलाल श्रेष्ठ** का.म.न.पा ०४ काठमाडौ	संचालक	५९	नेपाली	३६४,४३८ (५.२१%)	स्नातकोत्तर (व्यवस्थापन/ वाणिज्य शास्त्र)	१) संचालक - रिभर फल्स पावर लि. (हाल कार्यरत)	१) पूर्व अध्यक्ष-प्रज्ञान सेक्युरिटी प्रा.लि. २) पूर्व संचालक-सिभिल बैक लि. ३) आजिवन सदस्य, नेपाल रेडक्रस सोसाईटी (हाल कार्यरत)
३	**सैला श्रेष्ठ** भैरव स्थान ०३ पाल्पा	महिला संचालक (सनराईज होल्डिङ्ग्स प्रा.लि. को तर्फबाट)	४५	नेपाली	१,००,५०० (१.४४%)	स्नातकोत्तर (व्यवस्थापन)	१) संचालक - रिभर फल्स पावर लि. (हाल कार्यरत)	१) संचालक - सनराईज होल्डिङ्ग्स प्रा.लि.(हाल कार्यरत) २) प्रबन्ध संचालक-ग्लोबल होल्डिङ्ग्स प्रा.लि.(हाल कार्यरत) ३) कार्यकारी अध्यक्ष - प्रभु ट्राभल्स प्रा.लि.(हाल कार्यरत)
४	**यज्ञ प्रसाद सुवेदी** महालक्ष्मि न.पा. ०४ ललितपुर	संचालक	४९	नेपाली	१४१०० (०.२१%)	स्नातकोत्तर (व्यवस्थापन)	१) जलविद्युत क्षेत्रमा विगत १५ वर्ष देखी हालसम्म कार्यसम्पादन स्तरमा कार्यरत	जलविद्युत क्षेत्रमा विगत १५ वर्ष देखी हालसम्म कार्यसम्पादन स्तरमा कार्यरत
५	**अनिल बन्जारा** पनौती ०४ काभ्रे	संचालक (विजय होल्डिङ्ग्स प्रा.लि. को तर्फबाट)	३३	नेपाली	१४१०० (०.०१%)	CA	१) संचालक - रिभर फल्स पावर लि. (हाल कार्यरत)	१) प्रमुख वित्तिय अधिकृत - प्रभु हेलिकप्टर लि. २) Consultant – Growmore Biz Solution ३) Partner – RGB & Associates, Chartered Accountants
६	**अमर गुरुङ्ग** टंकी ०४ मनाङ्ग	संचालक	३६	नेपाली	३००० (०.०४%)	प्रविणता प्रमाणपत्र तह	१) संचालक - रिभर फल्स पावर लि. (हाल कार्यरत)	

कम्पनीले पालना गर्नुपर्ने संस्थागत सुशासन सम्बन्धि निर्देशिका,२०७४ र कम्पनी ऐन २०६३ मा रहेको संचालकहरुले पालना गर्नुपर्ने सम्पूर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं र हाल कम्पनीको प्रमुख कार्यकारी अधिकृत नरहेको ।

९. संचालक समितिको बनौटः
कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । कम्पनीमा महिला तथा स्वतन्त्र संचालकको व्यवस्था गरिएको छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक समूह शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
सर्वसाधारण शेयरधनी तथा स्थानिय समूह अन्तर्गतका	२ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	**७ जना**

सञ्चालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ ।

१०. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :
कम्पनीको चुक्ता कुल साधारण शेयर संख्या ७०,००,००० (सत्तरी लाख) कित्ताको १ (एक) शेयर बराबर नयाँ १ (एक) शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ७०,००,००० (सत्तरी लाख) कित्ता हकप्रद शेयर निष्काशन गरिने छ ।

११. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको संचालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मितिभन्दा अघिल्लो दिनसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर एक शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरीदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१२. साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :
साविकका शेयरधनीहरूले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको व्यवस्था अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानी(कर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ साथै सो सम्बन्धमा संचालक समितिमा समेत निर्णय गराएर मात्र लागु गरिनेछ । लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गरिनेछ।

१३. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :
शेयरधनीहरूले आफूले हकप्रदका आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन